श्री

# कन्चनपुर जिल्ला अदालत

## कन्चनपुर

फोन नं.: ०९९-५२१२८६
इमेल tahasil.dckanchanpur@supremecourt.gov.np

प.सं.:०७८/०७९
च.नं. ५०८

प्रशासन शाखा

मिति २०७८।०७।२२

विषय:- जो जससंग सम्बन्धित छ।

प्रस्तुत विषयमा यस अदालतमा विगत लामो समय देखि विभिन्न सरकार वादी फौजदारी मुद्दाहरूमा दशीको रूपमा दाखिला भएको सुन चाँदी र सोबाट बनेका गरगहना समेत जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ बमोजिम लिलाम बडाबडद्वारा बिक्री गर्नु भन्ने यस अदालतको मिति २०७८।०१।०९ को आदेशानुसार यस अदालतबाट १५ दिने लिलाम बडाबड सम्बन्धी सूचना प्रकाशित भएकोमा तीन जनाले रू.२,०००/- का दरले रू.६,०००/- दरखास्त फाराम दस्तुर तिरेका मध्ये २ जनाले लिलाम बडाबडमा भाग लिएका, सो मध्ये बढी बोलकबूल गर्ने श्री रोशन सोब (मो.नं.९८४८७३७६८४)ले न्यूनतम मूल्य रू.६,७२,६२९/- को १०% ले रू.६७,२६३/- यस अदालतको धरौटी खातामा जम्मा गरी रू.६,७३,०००/- बोलकबूल गरेकोमा कानूनका म्याद भित्र लिलाममा चढेको सो सामान बाँकी रकम चुक्ता गरी उठाई लैजानु पर्नेमा उठाई नलगेकोले कानून बमोजिम उक्त धरौटी रकम रू.६७,२६३/- जफत भई राजस्वमा दाखिला भएको र तत्पश्चात् सो सामान यस अदालतको मिति २०७८।०७।०९ को आदेशानुसार यस अदालतको च.नं. २९३ मिति २०७८।०७।१५ को पत्रानुसार श्री नेपाल राष्ट्र बैंक, टक्सार बिभाग बबरमहलमा बुझाइएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

(महिमानसिंह विष्ट)
तहशीलदार शाखा अधिकृत

तहसिलदार

जवाफ पठाउँदा वादी, प्रतिवादी, फाँट, मुद्दा र मुद्दा नं. अनिवार्य रुपमा उल्लेख गरी पठाई दिनु हुन ।

श्री
# कन्चनपुर जिल्ला अदालत
कन्चनपुर
फोन नं.: ०९९-५२१२८६
इमेल tahasil.dckanchanpur@supremecourt.gov.np

प.सं.:०७८/०७९
च.नं. २९३

प्रशासन शाखा

मितिः- २०७८।०७।१५

विषयः- सुन चाँदी समेत पठाइएको सम्बन्धमा।

श्री नेपाल राष्ट्र बैंक,
टक्सार विभाग
बबरमहल, काठमाण्डौं।

प्रस्तुत विषयमा यस अदालतमा बिगत समय देखि बिभिन्न मुद्दाहरूमा लामो समय देखि दशीको रूपमा दाखिला भएको सुन ९५.६४ ग्राम, चाँदी २ किलो ५५० ग्राम ०६ मिलिग्राम र गिलट ३ किलो ८५९ कपडाको लाहछाप सहितको थैलो, कागजी खाम समेत गरी जम्मा ७ किलो ३६६ ग्रामको लाहछाप १२ थानको सिलबन्दी सहित त्यहाँ टक्सार विभागमा यस अदालतका तहशीलदार शाखा अधिकृत श्री महिमानसिंह विष्ट हस्ते पठाइएको छ। प्राप्त भएपछि नियमानुसार गरी सो सामानको तौल र मूल्य खुलाई हुन आएको रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय कन्चनपुरको राष्ट्रिय वाणिज्य वैंक भीमदत्तनगर शाखाको धरौटी खाता नं. ४१८०१००१०२०३०००० र यस अदालतको कोड नम्बर २०४९७७६०१ मा सो रकम जम्मा गरिदिनु हुन आदेशानुसार अनुरोध छ।

२०७८।७।१५

(जयन्ती अवस्थी भट्ट)
श्रेष्तेदार उप-सचिव

श्रेस्तेदार
उप-सचिव

श्री कन्चनपुर जिल्ला अदालत, कन्चनपुर, प्रशासन शाखाको प.सं.०७८/०७९, च.नं.२९३, मितिः २०७८/०७/१५ को पत्रानुसार अदालतका तहशीलदार शाखा अधिकृत श्री महिमानसिंह विष्ट हस्ते नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभाग, टक्सार महाशाखामा प्राप्त हुन आएको सुन, चाँदी र गिलट रहेको भनिएको शिलबन्दी कपडाको पोका थान १ लाई नखोली जस्ताको तस्तै तौल गर्दा शिलबन्दी कपडाको पोका सहितको हुन आएको जम्मा तौलः ००७-३७७-००० (कि.ग्रा.-ग्राम.-मि.ग्रा.) जस्ताको तस्तै मिति २०७८/०७/१६ गते यस महाशाखाको ढुकुटीमा सुरक्षित राखी सुन र चाँदीको गलान मिति पछि तोकिने र गिलट भनिएको धातु गलानको समयमा फिर्ता गरिने गरी यो भर्पाइ समेत गरी लियौं/दियौं । इति सम्वत् २०७८ साल कार्तिक १६ गते रोज ३ शुभम् ।

बुझाउनेको दस्तखत

नामः महिमानसिंह विष्ट
पदः शा.अ.
कार्यालयः कन्चनपुर जिल्ला अदालत
कन्चनपुर

९८४१९६८८८०

बुझिलिनेको दस्तखत

नामः पूर्ण बहादुर शाह
पदः सहायक-निर्देशक
कार्यालयः टक्सार महाशाखा

नामः दीर्घ बहादुर थापा
पदः उप-निर्देशक
कार्यालयः टक्सार महाशाखा

कार्यालय प्रमुखको दस्तखत
नामः विनोद राज आचार्य
पदः निर्देशक
कार्यालयः टक्सार महाशाखा